## कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, २०७६

**प्रस्तावना:** कृषि प्रणालीमा न्यून मात्रामा कृषि यन्त्र उपकरणहरुको प्रयोग भएकोले कृषि पेशालाई आधुनिकरण गरी व्यवसायिक र प्रतिस्पर्धात्मक बनाउन कृषिमा यान्त्रीकरण गर्न आवश्यक भएको र संघीय "कृषि यान्त्रीकरण प्रवर्द्धन नीति, २०७१" रहेको सन्दर्भमा सो नीतिलाई आत्मसात् गर्दै कृषि क्षेत्रमा यान्त्रीकरण पद्दती अपनाईएका जिल्लाहरुमा वाली अनुसार खेत तयारी (Land Preparation) देखि चुटानी (Threshing) सम्म प्रयोग हुने कृषि यन्त्र उपकरणहरु सेटमा सीमान्तकृत कृषकहरुको पहुँच बढाउन निश्चित अवधिका लागि अनुदानको व्यवस्था गरी कृषकलाई प्रोत्साहन गर्न आवश्यक भई प्रदेश सरकारको आर्थिक वर्ष २०७५/७६ का वार्षिक बजेटमा समेत सो कृषि यन्त्र उपकरण अनुदान दिने भन्ने व्यवस्था भए अनुरुप अनुदान कार्यलाई व्यवस्थित,पारदर्शी र प्रक्रियासम्मत बनाउन वाञ्छनीय भएकोले प्रदेश दुईको प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, २०७५ रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "आपुर्तिकर्ता" भन्नाले अनुसूचि-२ मा उल्लेखित कृषि यन्त्र उपकरणहरु उपलब्ध गराउने कम्पनी, उत्पादक, वितरक, एजेन्ट, डिलर आदिलाई सम्झनु पर्दछ ।

(ख) "उपभोक्ता" भन्नाले अनुदानमा कृषि यन्त्र उपकरण लिन ईच्छुक कृषि व्यवसाय गर्ने उदेश्य लिई प्रचलित कानुन बमोजिम दर्ता भएको कृषक, कृषक समुह,कृषि सहकारी, नीजि फर्म, कृषि उद्यमी संस्थालाई सम्झनु पर्छ ।

(ग) "कृषि यन्त्र उपकरण" भन्नाले यस कार्यविधिको अनुसूचि-२ मा उल्लेख गरिए बमोजिमका यन्त्र उपकरणहरुलाई सम्झनु पर्छ ।

(घ) " केन्द्र" भन्नाले कृषि ज्ञान केन्द्र सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(च) "निर्देशनालय" भन्नाले कृषि विकास निर्देशनालय सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले दफा ८ बमोजिमको छनौट समितिलाई सम्झनु पर्छ ।

३. **कार्यक्रम संचालनको उद्देश्यः** कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) कृषि कार्यमा लाग्ने समयको बचत, युवा जनशत्तिको स्वरोजगारको अवसर श्रृजना र खाद्यान्न बाली, तरकारी बाली, माछा र फलफूल उत्पादनमा यान्त्रीकरण गरी प्रति इकाई उत्पादन वृद्धि तथा उत्पादन लागत घटाउने ।

(ख) युवा जनशक्तिलाई कृषिमा आकर्षित गर्ने गराउने ।

(ग) कृषिलाई आधुनिकीकरण, व्यवसायीकरण एवम् प्रतिस्पर्धात्मक बनाई खाद्य तथा पोषण सुरक्षाको साथै स्वरोजगारको अवसर सृजना गर्ने ।

(घ) कृषक समुह र सहकारीलाइ प्राथमिकता दिई कृषि यान्त्रिकरण गर्ने ।

## परिच्छेद-२
### कार्यक्रम संचालन

४. **जिल्ला तथा बाली छनौट :** कार्यक्रम सञ्चालन क्षेत्र तथा बाली छनौटका आधारहरु देहाय बमोजिम हुनेछन्:-

(क) प्रदेशभित्रका आठ वटा जिल्लाहरुमा यान्त्रीकरणको प्रभावकारीता र पद्यतीलाई प्राथमिकता दिईने छ।

(ख) खाद्यान्न बाली, तरकारी बाली र फलफूल उत्पादन गर्ने जस्ता कार्यमा कार्यक्रम सञ्चालन गरिनेछ ।

५. **निवेदन माग गर्ने** :(१) यस कार्यविधि बमोजिम कृषि यन्त्र उपकरणहरु अनुदान लिन चाहने कृषक उपभोक्ताका लागि कम्तिमा तीस दिनको म्याद दिई राष्ट्रियस्तर वा स्थानीय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गरी निवेदन माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदान लिन चाहने उपभोक्ताले अनुसूची १ को (क) वा (ख) वा (ग) बमोजिमका कागजातहरु संलग्न गरी अनुसूची - ३ बमोजिमको ढाँचामा उपदफा (१) बमोजिमको म्यादभित्र सम्बन्धित केन्द्र/स्थानिय तहको कृषि हेर्ने निकायमा निवेदन दिनु पर्नेछ।

(३) केन्द्र/स्थानिय तहको कृषि हेर्ने निकायले उपदफा (२) बमोजिम प्राप्त हुन आएका निवेदनको छानविन गरी सात दिन भित्र टुङ्गो लगाई मन्त्रालय/निर्देशनालयलाई संक्षिप्त विवरण तयार पारी जानकारी गराउनु पर्नेछ।

६. **आपुर्ती कर्ता छनोटको लागि सुचना प्रकाशन :** केन्द्र वा निर्देशनालय वा मन्त्रालयले कृषि यन्त्र उपकरणहरुको आपूर्ति गर्न इच्छुक आपूर्तिकर्ताहरुबाट अनुसूची -२ बमोजिमका कृषि यन्त्र उपकरण वितरण सम्बन्धी कार्यक्रमको लागि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम सुचना प्रकाशन गरी आपुर्तिकर्ता छनौट गर्नेछ।

७. **उपकरण खरिद तथा वितरण प्रकृया :** सार्वजनिक खरिद ऐन २०६३, तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम कृषि यन्त्र उपकरण खरिद गर्नु पर्ने छ। यसरी खरिद गरिएका कृषि यन्त्र उपरकरण दफा ८ बमोजिमको छनौट समितिले छनौट गरेका कृषक, सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूह, निजी फार्म, कृषि उद्यमीलाई उपलब्ध गराउनु पर्नेछ।

८. **छनौट समिति :** यस कार्यविधि बमोजिमको कार्यक्रम संचालनको लागि दफा ५ बमोजिम प्राप्त निवेदनहरुको छनौट गर्न देहायको जिल्लास्तरीय छनौट समिति गठन हुनेछ।

| | |
|---|---|
| (क) प्रमुख, केन्द्र | - अध्यक्ष |
| (ख) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | -सदस्य |
| (ग) अधिकृत प्रतिनिधि, जिल्ला समन्वय समिति | -सदस्य |
| (घ) अधिकृत प्रतिनिधि, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | -सदस्य |
| (ङ) किसान प्रतिनीधि २ जना (१ जना महिला प्रतिनीधि अनिवार्य) | -सदस्य |
| (च)केन्द्र, कृषि प्रसार अधिकृत | -सदस्य सचिव |

(२) समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

तर आमन्त्रितको संख्या तीन जना भन्दा बढी हुने छैन ।

(३) मन्त्रालय/निर्देशनालयवाट संचालन हुने कार्यक्रमको हकमा कार्यक्रम संचालन गर्ने निकायले छनोट समिति आफै गठन गर्न पनि सक्नेछ ।

९. **छनौट समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :

(क) म्याद भित्र दर्ता भएका सिलबन्दी प्रस्तावहरु प्रस्तावदाता वा प्रतिनिधिको रोहवरमा खोल्ने ।

(ख) आपुर्तिकर्ता तथा कृषि यन्त्र उपकरणको छनौट गर्ने ।

(ग) छनौट भएका आपुर्तिकर्ताले अनुसूची-२ अनुसार प्रस्ताव गरेका यन्त्र उपकरणहरुको किसिम (Type),क्षमता (Capacity/Horse Power),मोडेल (Brand), ब्राण्ड र अन्य स्पेशिफिकेसनको आधारमा एकै किसिमका यन्त्र उपकरणहरुको समुहकृत गरी उक्त समुहमा सबै भन्दा न्यूनतम् मूल्यलाई आधार मानी अनुदानको रकम तोक्ने ।

(घ) प्रस्तावमा पेश भएका यन्त्र उपकरण समुहकृत गर्न नमिलेको अवस्थामा पेश गरेको सोही दरलाई न्यूनतम् मूल्य आधार मानी अनुदानको रकम तोक्ने ।

(ङ) अनुदान दिने प्रयोजनका लागि छनौट गरिएका आपूर्तिकर्ता तथा कृषि यन्त्र उपकरणहरुको विवरण, छनौट भएका आपूर्तिकर्ताहरुको नामावली, उपलब्ध हुने स्थान र अनुदान रकम आदि विवरणहरु सम्बन्धित केन्द्र/स्थानीय तहको कृषि हेर्ने निकायलाई औपचारिक जानकारी दिने ।

(च) कृषि यन्त्र उपकरणहरु अनुदान लिन चाहने कृषक उपभोक्ताबाट प्राप्त निवेदनहरु माथी छलफल गरि समितिले सम्बन्धित कृषक, सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूह, निजी फार्म, कृषि उद्यमी छनौट गर्ने ।

(छ) निर्देशनालय, केन्द्र/स्थानिय तहको कृषि हेर्ने निकायलाई कार्यक्रम संचालनमा आवश्यक राय तथा सुझाव दिने ।

१०. **केन्द्रको काम कर्तव्य र अधिकार** : सम्बन्धित केन्द्रको काम, कर्तव्य, अधिकार र जिम्मेवारी देहाय बमोजिम हुनेछ:

(क) दफा ९ को खण्ड (ङ) अनुसार पठाईएको विवरणहरु कृषि यन्त्र उपकरणहरु अनुदानमा लिन ईच्छुक उपभोक्तालाई औपचारिक जानकारी गराउन कार्यालयमा सूचना प्रकाशन गर्ने ।

(ख) दफा ५ अनुसार दर्ता भएका निवेदनहरुमा अनुसूची १ को (क) वा (ख) वा (ग) अनुसार संलग्न कागजातहरु अध्ययन गरी सम्पूर्ण मापदण्ड पुगेका उपभोक्ताले लिन चाहेका यन्त्र उपकरणहरुका आपूर्तिकर्ता, मोडेल, ब्राण्ड र न्यूनतम् मुल्य अनुसारको संक्षिप्त विवरण तयार गर्ने र सोको जानकारी निर्देशनालय मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ ।

(ग) कृषि पेशा, व्यवसायमा संलग्न भएको उपभोक्तालाई मात्र अनुदान उपल्व्ध गराउनु पर्ने।

(घ) कृषि यन्त्र उपकरणहरु अनुदान कार्यको नियमित निरिक्षण गर्ने र उपभोक्ताले कृषि यन्त्र उपकरणहरु अनुदानमा प्राप्त भए पछि अनुदान रकम भुक्तानी आवेदन फाराम अनुसूचि-५ बमोजिम उपलबध गराउनु पर्ने ।

११.**आपूर्तिकर्ताले पालन गर्नुपर्ने शर्तहरुः** कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमका शर्तहरु पालन गर्नु पर्नेछ :

(क) उपभोक्तालाई कृषि यन्त्र उपकरण उपलब्ध गराउनु पर्नेछ ।

(ख) छनौट भएका आपुर्तिकर्ताहरु र सम्बन्धित केन्द्रले जिल्लागत अनुदान रकम अनुसारकै परिणाममा मात्र अनुदानको यन्त्र उपकरणहरु उपलब्ध गराउनु पर्नेछ ।

(ग) अनुदान लिने उपभोक्तालाई कृषि यन्त्र उपकरण संचालन तथा मर्मत सम्बन्धी तालिमको व्यवस्था यथाशक्य गर्नु पर्नेछ ।

(घ) अनुदानमा वितरित कृषि यन्त्र उपकरणहरुमा अनुसूचि-८ को ढाँचा अनुसार प्रिन्ट वा प्लेटमा लेखि अनिवार्य टाँस गर्नु पर्नेछ ।

१२. **उपभोक्ताले पालन गर्नुपर्ने शर्तहरु** : कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमका शर्तहरु पालन गर्नुपर्नेछ :

(क) कृषि पेशा, व्यवसायमा संलग्न उपभोक्ता भएको हुनु पर्नेछ ।

(ख) उपभोक्ताले मात्र कृषि यन्त्र उपकरण अनुदानमा पाउने छन् ।

(ग) अनुसूची- १ अनुसारको कागजातहरु अनिवार्य पेश गर्नु पर्नेछ ।

(घ) अनुदानमा उपलब्ध गरिएको कृषि यन्त्र उपकरणहरु कृषि कार्यको समयमा कृषि कार्यमा प्रयोग नगरी अन्य गैर कृषि कार्यमा प्रयोग गर्न पाइने छैन ।

(ङ) अनुसूचि-४ अनुसार आपूर्तिकर्ता सिफारिस र सिफारिस गरिएका कृषि यन्त्र उपकरणहरु लिन आपूर्तिकर्तालाई अनुसूचि-१ मा उल्लेखित कागजात र अनुसूचि-३ बमोजिमको प्रारम्भिक छनौटको लागि भर्ने फारम र अनुसूची-७ अनुसार सम्झौता गरी अनुदान घटाई बाँकी रकम तिरी कृषि यन्त्र उपकरण खरिद गर्नु पर्नेछ ।

१३. **अनुदान प्रवाह विधि** : अनुदान प्रवाह विधि देहाय बमोजिम हुने छ:

(क) केन्द्रले उपभोक्तालाई कृषि यन्त्र उपकरण उपलब्ध गराउँदा अनुसूची ७ अनुसार सम्झौता गरी तोकिएको अनुदान घटाई बाँकी रकम लिई सिफारिस गरिएका आपुर्तिकर्ताले उपलब्ध गराउने छ ।

(ख) अनुदानमा कृषि यन्त्र उपकरणहरु आपूर्तिकर्ताले उपभोक्तालाई उपलब्ध गराईसकेपछि सम्बन्धित आपूर्तिकर्ताले अनुसूचि-३ बमोजिमको उपभोक्ताको निवेदन र प्रारम्भिक छनौटको लागी भर्ने फाराम, अनुसूचि-४ बमोजिमको केन्द्रको सिफारिस, अनुसूचि-५ बमोजिमको अनुदान रकम भुक्तानी आवेदन फाराम, र अनुसूचि-१ (क) वा (ख) वा (ग) बमोजिमका कागजातहरु, अनुसूची ६ अनुसारको उपभोक्ताले भुक्तानी माग गरेको निवेदन, अनुसूची ७ अनुसार उपभोक्ता र आपूर्तिकर्ता बिचको सम्झौता पत्र र विक्रीको विल विजक, कृषि यन्त्र उपकरणहरु बुझेको भरपाई समेत राखि केन्द्र वा मन्त्रालयमा पेश गरेपछि अनुदानको रकम आपुर्तीकर्ताको खातामा भूक्तानी हुने छ ।

(ग) आपूर्तिकर्ताबाट प्राप्त कागजातहरु केन्द्र वा मन्त्रालयको सम्बन्धित प्राविधिकबाट जाँच गरी अनुदानको लागि योग्य भएको भनि गरिएको सिफारिसको आधारमा अनुदान रकम नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वित्तिय संस्थामा उपभोक्ताको खातामा भुक्तानी गर्नेछ । भुक्तानी गर्दा नियम अनुसार कर विजकको १.५% अग्रीम आय कर कट्टी गर्ने छ ।

(घ) आपूर्तिकर्ताले प्रस्ताव साथ पेश गरेको २.५% बराबरको बैंक ग्यारेन्टी वा सो बरावरको रकम अर्को आर्थिक वर्ष मा फुकुवा गरिने छ ।

१४. **अनुगमन तथा मूल्यांकन** : कार्यक्रमको अनुगमन तथा मूल्यांकन देहाय बमोजिम गरिनेछ:

(क) संचालित कार्यक्रमहरुको नियमित अनुगमन तथा मूल्यांकनको कार्य निर्देशनालय वा मन्त्रालयबाट हुनेछ ।

(ख) संचालित कार्यक्रमहरुको नियमित अनुगमन तथा मूल्यांकनको कार्य जिल्लास्तरमा सम्बन्धित केन्द्रले गर्नेछ ।

(ग) अनुदान प्राप्त उपभोक्ताले यस कार्यविधिमा निर्धारित कुनै शर्त पालना नगरेको वा अनुदान दुरुपयोग गरेको पाईएमा चालु हालतमा भएका कृषि यन्त्र उपकरणहरु फिर्ता लिईने छ र चालु हालतमा भएको नपाइएमा हर्जाना लिई सम्बन्धित स्थानीय तहको कृषि हेर्ने निकायको सिफारिसमा केन्दले आवश्यकता अनुसार अन्यत्र उपलब्ध गराउन सक्नेछ ।

१५. <u>संशोधन गर्ने</u> : यस कार्यविधिको संशोधन आवश्यक्ता अनुसार प्रदेश सरकारबाट हुनेछ।

१६. <u>प्रचलित कानून लागू हुने</u> : प्रचलित कानूनमा व्यवस्था भएका विषयहरुका सम्बन्धमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा यसै कार्यविधि बमोजिम हुनेछ ।

१७. <u>व्याख्या</u> : यस कार्यविधिको कार्यान्वयनमा द्विविधा भएमा मन्त्रालयले गरेको व्याख्या अन्तिम हुनेछ ।

१८. <u>अनुसूचीमा हेरफेर गर्न सक्ने</u> : यस कार्यविधिमा रहेका अनुसूचीहरु (आर्थिक विषय बाहेक) मन्त्रालयले हेरफेर गर्न सक्नेछ ।

अनुसूची-१

दफा ५ को उपदफा (२), दफा १०को खण्ड (ख) र (ङ) र दफा १३ को खण्ड (ख) संग सम्बन्धित
आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु

(क) कृषक समुह उपभोक्ताको लागि

१. मेशिनरी औजार संचालन तथा मर्मत सम्बन्धी तालिम लिएको भए सो प्रमाण पत्रको प्रतिलिपी
२. समूह दर्ताको प्रमाण पत्रको प्रतिलिपी
३. समूहको PAN प्रमाण पत्रको प्रतिलिपी
४. समुहको निर्णय प्रतिलिपी
५. समुहले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र
६. अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपी र फोटो १ प्रति (पासपोर्ट साइजको)
७. सादस्यहरुका कम्तिमा १० विघाको ज.ध.प्र.प. प्रतिलिपि

(ख) कृषि सहकारी/नीजि फर्म/कृषि उद्यमी उपभोक्ताको लागि

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपी
२. संस्था नविकरणको प्रमाणको प्रतिलिपी वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र अनिवार्य पेश गर्नु पर्ने
३. संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपी
४. गत आ.व. को कर चुक्ता प्रमाण पत्र
५. संस्थाको निर्णय प्रतिलिपी
६. संस्थाले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र
७. अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपी र फोटो १ प्रति (पासपोर्ट साइजको)
८. सादस्यहरुका कम्तिमा १० विघाको ज.ध.प्र.प.को प्रतिलिपि

ग) कृषिक उपभोक्ताको लागि

१. उपभोक्ताहरुको कम्तिमा ३ विघा सम्मको जग्गाधनी प्रमाण पत्र प्रतिलिपि र ना.प्र.प. प्रतिलिपि
२. उपभोक्ताहरुको सहमति/सम्झौता पत्र
३. अनुदान प्रकृयाको लागि जिम्मेवारी दिई खटाउने व्यक्तिलाई अख्तियारी पत्र
४. अधिकारीक व्यक्तिको ना.प्र.प. प्रतिलिपि र फोटो १ प्रति ( पासपोर्ट साइज)

अनुसूची-२

(दफा २ को खण्ड (क) र (घ),दफा ६ र दफा ९को खण्ड (ग) संग सम्बन्धित)

## अनुदानमा वितरण गरिने कृषि औजार उपकरणहरु
(खाद्यान्न बाली, तरकारी बाली र फलफूल बालीको लागि)

| सि.नं. | कृषि मेशिनरी, औजार उपकरणहरुको नाम | | क्षमता (hp)/ आदि | अनुदान रकम( प्र.श.मा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | चार पांग्रे ट्र्याक्टरका एट्याचमेन्टहरु | | | | चार पांग्रे ट्र्याक्टरको एट्याचमेन्टहरु अनुदानमा लिनको लागि उपभोक्ताको नाममा ट्र्याक्टरको सवारी दर्ता प्रमाणपत्र (ब्लु बुक) अनिवार्य पेश गर्नुपर्ने । |
| | १.१ | कल्टिभेटर | | ५० | |
| | १.२ | डिस्क प्लाव | | ७५ | |
| | १.३ | डिस्क हैरो | | ७५ | |
| | १.४ | एम.वि.प्लाव | | ७५ | |
| | १.५ | हिलो चक्का/एन्टी स्कीड व्हील | | ५० | |
| | १.६ | एस वा सी टाईप रोटाभेटर | | ५० | |
| | १.७ | लेभलर | | ५० | |
| | १.८ | सिड कम फर्टिलाईजर ड्रिल | | ७५ | |
| | १.९ | सिड ड्रिल | | ७५ | |
| | १.१० | सिड प्लान्टर | | ७५ | |
| | १.११ | जिरो टिल सिड ड्रिल | | ७५ | |
| | १.१२ | रिजर/वण्ड फर्मर | | ५० | |
| | १.१३ | मेज प्लानटर | | ५० | |
| | १.१४ | पोटैटो प्लानटर | | ७५ | |
| | १.१५ | पोटैटो डिगर | | ७५ | |
| | १.१६ | रिपर मेशिन | | ५० | |
| | १.१७ | मल्टी कप थ्रेशर | | ५० | |
| | १.१८ | धान थ्रेशर | | ५० | |
| | १.१९ | गँहु थ्रेशर | | ५० | |
| | १.२० | मेज सेलर | | ५० | |
| | १.२१ | मेज डिहस्कर | | ५० | |

| सि.नं. | कृषि मेशिनरी, औजार उपकरणहरुको नाम | | क्षमता (hp)/ आदि | अनुदान रकम( प्र.श.मा) | कैफियत |
|---|---|---|---|---|---|
| | १.२२ | पावर स्प्रेयर/वुम स्प्रेयर | | ५० | |
| | १.२३ | फर्टिलाईजर ब्रोडकास्टर | | ५० | |
| | १.२४ | अन्य प्रकार केही भएमा आपुर्तिकर्ताले पेश गर्ने | | ५० | |
| २ | स्वचालित उपकरणहरु | | | | |
| | २.१ | राइस ट्रान्सप्लान्टर (म्यानुयल) | | ७५ | क) अनुसूची १ बमोजिमको जग्गा धनी प्रमाण पत्रको प्रतिलिपि पेश गर्नुपर्ने । ख) उपभोक्ताले अन्य कृषकहरुलाई चलनचल्ती भन्दा कम्तिमा ४० प्रतिशत कम भाडामा सेवा दिने प्रतिवद्धता पत्र पेश गर्नुपर्ने । |
| | २.१ | राइस ट्रान्सप्लान्टर (वाक विहान्ड) | | ७५ | |
| | २.३ | सिडलिङ्ग मेसिन | | ७५ | |
| | २.४ | रिपर | | ५० | |
| | २.५ | रिपर वाइनडर | | ५० | |
| | २.६ | मल्टी कप थ्रेशर | | ५० | |
| | २.७ | थ्रेशर | | ५० | |
| | २.८ | मेज सेलर | | ५० | |
| | २.९ | मेज डिहस्कर | | ५० | |
| | २.१० | पावर टिलर | | ५० | |
| | २.११ | टयाक्टर | | ५० | |
| | २.१२ | अन्य प्रकार केही भएमा आपुर्तिकर्ताले पेश गर्ने | | ५० | |
| ३ | ३.१ | सोलार पम्प | | ८५ | |

प्रदेश सरकार भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय... प्रदेश नं.२ जनकपुरधाम, धनुषा

अनुसूची-३

(दफा ५ को उप दफा (२),दफा १२ को खण्ड (ङ) र दफा १३ को खण्ड (ख) संग सम्बन्धित)

अनुदानमा कृषि यन्त्र उपकरण प्राप्त गर्न चाहने उपभोक्ताले कृषि ज्ञान केन्द्रमा पेश गर्ने निवेदनको ढाँचा

मिति :

श्री कृषि ज्ञान केन्द्र प्रमुख ज्यू,

कृषि ज्ञान केन्द ............।

विषयः कृषि यन्त्र उपकरण अनुदानमा उपलब्ध गराई पाउँ ।

मलाई/हामीलाई खाद्यान्न बाली, तरकारी र फलफूल उत्पादन कार्यमा उपयोग गर्नका लागि "कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, २०७५ " अनुसार ..................................................को मिति .................... राष्ट्रिय/स्थानिय दैनिक पत्रिकामा प्रकासति तथा कृषि ज्ञान केन्द्र/स्थानिय तहको कृषि हेर्ने निकायमा टाँस गरिएको सूचनाको आधारमा उल्लेखित मध्येको आवश्यक परेको कृषि यन्त्र उपकरणहरु प्रारम्भिक छनौटको फाराममा भरी कृषि यन्त्र उपकरण अनुदानमा उपलब्ध गराई पाउनका लागि यो निवेदन गर्दछु/छौं।

संलग्न कागजातहरु :

१. प्रारम्भिक छनौटको लागि भर्ने फारम

२.

३.

४.

..............................

निवेदक
दस्तखतः
नामः
संस्थाको नामः
पदः
संस्थाको छाप

दुवै कान देखिने पासपोर्ट साइजको फोटो

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय ,प्रदेश नं. २, जनकपुरधाम

कृषि विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र...........

## कृषि यन्त्र उपकरण अनुदानमा लिन उपभोक्ताले प्रारम्भिक छनौटको लागि भर्ने फारम

(क) उपभोक्ताको विवरण :

संस्थाको नाम:- ............................................. अधिकार प्राप्त पदाधिकारीको

नागरिकता प्र.प.नं. .................... र जारी मिति ....................

१. दर्ता नं.............. दर्ता मिति................ दर्ता निकाय .........................

२. स्थायी ठेगाना:- जिल्ला .......... नगर/गा.वि.स............... वडा नं. ...... टोल.........

३. हालको ठेगाना :- जिल्ला .......... नगर/गा.वि.स............... वडा नं. ...... टोल.........

४. सम्पर्क : मोवाइल नं................. फोन नं............. इमेल ........................

५. सम्पर्क व्यक्तिको नाम:- .................. पद...........मोबाइल नं............. इमेल...............

६. नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वित्तिय संस्थाको नाम:..................

ठेगाना .......................... खाता नं. .................

७. उपभोक्ताको PAN No ...................

८. सदस्य संख्या : महिला ........... पुरुष............ दलित ................ जनजाती ...........

९. लाभान्वित कृषक संख्या : प्रत्यक्ष .................... अप्रत्यक्ष ...................

१०. प्राप्त गर्न चाहेको कृषि यन्त्रहरुको विवरण (कृषि ज्ञान केन्द्र/स्थानिय तहको कृषि हेर्ने निकायमा टाँस गरिएको सूचना अनुसार)

| सि.नं. | आपूर्तिकर्ताको नाम | यन्त्रको नाम | ब्राण्ड | मोडेल | हर्ष पावर/साइज | मुल्य रु. | अनुदान रकम रु. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

११. प्राप्त कृषि यन्त्रहरु उपयोग गर्ने ............................ बाली र क्षेत्र :

| सि.नं. | जिल्ला | गा.पा./न.पा. |
|---|---|---|
| | | |
| | | |
| | | |

१३. कृषि यन्त्र उपकरण अनुदानमा लिन म/हामी छनौट भएका अनुदान बाहेक नगद तिरी कार्यक्रम संलग्न हुन सहमत छु/छौ ।

माथि पेश गरेको विवरण ठिक साँचो छ, झुठा भएमा कानुनी कारवाही भएमा राजी छु/छौ । मलाई/हामीलाई त्यस मन्त्रालयबाट व्यवस्था भए बमोजिमको अनुदानमा उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु/छौ ।

निवेदको सही ..........................

अनुसूची ४

**(दफा १२ को खण्ड (ङ) ,दफा १३ को खण्ड (ख) संग सम्बन्धित)**

कृषि ज्ञान केन्द्रले उपभोक्ताबाट छनौट गरेका आपुर्तिकर्तालाई गरिने सिफारिसको ढाँचा

मिति :..................

श्री .................................. (आपुर्तिकर्ताको नाम)

................................ । (ठेगाना)

विषय : सिफारिस गरी पठाइएको ।

श्री ......................... ले मिति ........................... मा दिनु भएको निवेदनमा कारवाही भई छनौट भएको ............ कार्यमा प्रयोग हुने तपसिलका कृषि यन्त्र उपकरणहरु "कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, २०७५ " बमोजिम अनुदानमा कृषि यन्त्र उपकरणहरु उपलब्ध गराई दिनु हुन सिफारिस गर्दछु ।

तपसिल

अनुदानको लागि सिफारिस गरिएको कृषि यन्त्र उपकरणको विवरण :

| सि.नं. | आपूर्तिकर्ताको नाम | यन्त्रको नाम | ब्राण्ड | मोडेल | हर्ष पावर/साइज | मुल्य रु. | अनुदान रकम रु. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

संलग्न कागजात:

१.

२.

३

सम्बन्धित कार्यालयको प्रमुख वा आधिकारिक अधिकृतको

नाम ...................................

दस्तखत ..............................

पद ...................................

अनुसूचि ५

**(दफा १० को खण्ड(घ) र दफा १३ को खण्ड(ख) र संग सम्बन्धीत)**

अनुदान रकम भुक्तानी आवेदन फारमको ढाँचा

(आपूर्तीकर्ता प्रयोजनको लागी )

१. जिल्ला .................. गा.पा./न.पा.................. बस्ने उपभोक्ता श्री ............... छनौट भई माग गरे बमोजिम र श्री कृषि ज्ञान केन्द्र/निर्देशनालय /मन्त्रालयको च.नं. ...... मिति .............. को सिफारिस पत्रानुसार ............ को खरिद/बिक्री मुल्य रु. ............... पर्नेको अनुदान स्वरुप रु. ............ अक्षरेपी ...................... को कृषि यन्त्र उपकरण यस आपुर्तिकर्ताबाट उपलब्ध गराईएको छ ।

आपुर्तिकर्ताको नाम र ठेगाना :- ..................................

आधिकारिक व्यक्तिको सही :......................................

आधिकारिक व्यक्तिको नाम :......................................

दर्जा: ............................

२. कृषि यन्त्र उपकरण बुझिलिनेको नाम ..................................... सही :.......................
मिति .................................. PAN No:.......................................

३. नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वित्तिय संस्थाको नाम :...............................................
ठेगाना :............................ खाता नं. .....................................

४. भूक्तानीको लागि सिफारिस गर्ने प्रमुख वा आधिकारिक अधिकृतको
नाम.................................................
सही ........................................

भुक्तानी प्रयोजनको लागि

५. उपरोक्तानुसार भएको देखिएकोले कृषि यन्त्र उपकरण अनुदान रकम रु....................... अक्षरेपी ............. आपुर्तीकर्ताको नाममा भूक्तानी प्रयोगनार्थ सिफारिस गर्दछु ।

सही :- .......................

दर्जा :-

स्वीकृत गर्ने अधिकारी .......................

अनुसूचि-६

(दफा १३ को खण्ड(ख) संग सम्बन्धीत)

उपभोक्ताले भुक्तानी माग गर्ने निवेदनको ढाँचा ।

मिति :

:

श्रीमान् प्रमुख ज्यू,

............................................................ ।

विषय : कृषि यन्त्र उपकरण अनुदानको लागि भुक्तानी पाउँ ।

मलाई/हामीलाई कृषि यन्त्र उपकरण अनुदानको लागि आवश्यक कागजात सहित अनुदान घटाई बाँकी रकम आपूर्तिकर्तालाई तिरी सकेको र सो कृषि यन्त्र उपकरण बुझिलिएको हुनाले तपसिल बमोजिमको त्यस आपूर्तिकर्ताको नाममा भएको बैंक खातामा अनुदानको भुक्तानीको चेक उपलब्ध गराई पाउनका लागि यो निवेदन पेश गरेको छु/छौं ।

तपसिल

बैंकको नाम : ................................................

बैंकको ठेगाना : ................................................

आपूर्तीकर्ताको खाता नं. : ................................................

आपूर्तीकर्ताका नाम :

......................

(निवेदकको दस्तखत)

नाम:

संस्थाको नाम:

पद:

संस्थाको छाप

अनुसूचि ७

**(दफा १२ को खण्ड(ङ) र दफा १३ को खण्ड(क) र (ख) संग सम्बन्धीत)**

उपभोक्ता र आपूर्तिकर्ता विचको सम्झौता पत्रको ढाँचा

यो सम्झौता मिति २०७५/................ का दिन ................... .(यसपछि, आपूर्तिकर्ताको भनिने) र .................................. (यसपछि उपभोक्ता भनिने) बीच कृषि यन्त्र, औजार, उपकरणहरु अनुदानमा वितरण कार्य सम्पन्न गर्नका लागि कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि,२०७५ बमोजिम छनौट भएका कृषि यन्त्र, औजार, उपकरणहरुको मोडेल, ब्राण्ड र क्षमतामा मात्र स्वीकृत अनुदान रकम उपभोक्ताले (कृषि ज्ञान केन्द्र, कृ.वि.निर्देशनालय, मन्त्रालय) बाट प्राप्त भए पश्चात आपूर्तिकर्तालाई भुक्तानी दिने गरी सहमत भई तपसिलका शर्तहरुको अधिनमा रही यो सम्झौता गरिएको छ ।

शर्तहरु:

१. स्वीकृत "कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, २०७५" यस सम्झौताको अभिन्न अंग मानिने छ ।
२. प्रस्ताव छनौट समितिको निर्णय अनुसारका कृषि यन्त्र, औजार, उपकरणको ब्राण्ड/मोडल/क्षमता र अनुदान रकम सम्बन्धी निर्णय यो सम्झौताको अभिन्न अंग हुनेछ ।
३. आपूर्तिकर्ताले स्वीकृत कार्यविधिको बुँदा नं. ११ अनुसारका शर्तहरु पूर्ण रुपले पालना गर्नु पर्नेछ ।
४. उपभोक्ताले स्वीकृत कार्यविधिको बुँदा नं.१२ अनुसारका शर्तहरु पूर्ण रुपले पालना गर्नु पर्नेछ ।
५. आपूर्तिकर्ताले आफ्ना तोकिएका बिक्री केन्द्रहरुबाट बिक्री भएका कृषि यन्त्र, औजार, उपकरणको अनुदान रकम उपभोक्तालाई भुक्तानी प्राप्त गर्न तपसिल अनुसारका कागजात पेश गर्नु पर्नेछ ।
   (क) अनुसूची-३ अनुसार उपभोक्ताको निवेदन र प्रारम्भिक छनौटको फारम ।
   (ख) अनुसूची-४ अनुसार सम्बन्धित कृषि ज्ञान केन्दको आपूर्तिकर्तालाई गरिने सिफारिश पत्र ।
   (ग) अनुसूची-५ अनुसार अनुदान रकम भुक्तानी आवेदन फाराम ।
   (घ) अनुसूची ६ अनुसार उपभोक्ताले भुक्तानी माग गर्ने निवेदनको ढाँचा र अनुसूची ७ अनुसार उपभोक्ता र आपूर्तिकर्ता बिचको सम्भौता पत्र पेश गर्नु पर्नेछ ।
   (ङ) उपभोक्ताबाट र आफैले प्रमाणित गरिएको अनुसूची-१(क) वा (ख) वा (ग) अनुसारका सम्पूर्ण कागजातहरु ।
   (च) उपभोक्ताको नाममा जारी कर बिजक पेश गर्नु पर्नेछ ।
६. माथीको बुँदा नं. ५ मा उल्लेख गरिएका कागजातहरु पूर्ण रुपमा पेश नभएमा आपुर्तीकर्ताको नाममा भुक्तानी गर्न बाध्य हुने छैन । भुक्तानी छनौट समितिबाट छनौट भएका आपूर्तिकर्ताबाट लिएको कृषि यन्त्र, औजार, उपकरणमा मात्र आपुर्तीकर्तालाई भुक्तानी गरिनेछ ।
७. यस सम्झौता बमोजिम खरिद भैसकेपछि (कृषि ज्ञान केन्द्र, कृ.वि.निर्देशनालय वा मन्त्रालय) ले कर बिजकमा उल्लेखित कुल रकमको १.५% अग्रीम कर कट्टा गरि बाँकी अनुदान रकम उपभोक्ताको नाममा चेक जारी गरिनेछ ।
८. प्रस्ताव छनौट समितिले निर्धारण गरिए बमोजिम ब्राण्ड, मोडेल तथा क्षमता अनुसारको कृषि यन्त्र, औजार, उपकरणहरु निर्धारित अनुदाम रकम बाहेकको रकम सम्बन्धित (कृषि ज्ञान केन्द्र, कृ.वि.निर्देशनालय वा मन्त्रालय) ले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्नेछ ।
९. उपभोक्ताले समयमा आपूर्तिकर्तालाई अनुदान बापत पाएको रकम भुक्तानी नदिएमा, आपूर्तिकर्ताले उपलब्ध गराएको यन्त्र औजार, उपकरण फिर्ता लिई यस कृषि ज्ञान केन्द्रमा जानकारी गराउनु पर्नेछ । सो अवस्थामा मन्त्रालयले प्रचलित कानून बमोजिम असूल उपर गर्ने सकिनेछ ।
१०. आपूर्तिकर्ताले आपूर्ति गरेका विभिन्न कृषि यन्त्र, औजार, उपकरण चलाउने साधारण ज्ञान, सीप अनुसारको तालिम सकेसम्म दिने व्यवस्था गर्नु पर्नेछ ।

११. सम्झौतामा उल्लेख भएको कुराहरु सम्झौता बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।
१२. कुनै कुराहरु स्पष्ट नभएमा वा कुनै कुरामा विवाद भएमा दुवै पक्षको आपसी छलफलबाट निर्णय गरिनेछ र केही गरी विवाद टुङ्गो नलागेमा प्रचलित ऐन नियम अनुसार वा यस मन्त्रालयबाट भएको निर्णय अन्तिम हुनेछ ।
१३. यस कार्यको सम्झौता आजकै मिति देखि प्रारम्भ हुनेछ ।
१४. उपरोक्तानुसारका बुँदाहरुमा आपूर्तिकर्ता र उपभोक्ता दुवै सहमत भई यो सम्झौता पत्रमा हस्ताक्षर गरी लियौं दियौं ।

<u>उपभोक्ताको तर्फबाट</u>

हस्ताक्षर : ...................................

नाम : .................................

पद : .................................

मिति :..............................

<u>आपूर्तिकर्ताको तर्फबाट</u>

हस्ताक्षर : ..........................

नाम : ........................

पद : ................................

मिति :..............................

<u>साक्षी</u>

हस्ताक्षर :...............................

नाम : ..............................

पद : ...................................

संस्थाको नाम :...............................

<u>साक्षी</u>

हस्ताक्षर :..........................

नाम :...............................

पद : .............................

संस्थाको नाम : ..................

भूमि व्यवस्था ... प्रदेश नं.२ जनकपुरधाम, धनुषा

## अनुसूचि ८

(दफा ११ को खण्ड(घ) संग सम्बन्धीत)

अनुदान प्रवाहमा उपलबध हुने कृषि यन्त्र उपकरणमा आपुर्तिकर्ताले राख्नु पर्ने प्रिन्ट वा प्लेटको ढाँचा

| |
|---|
| प्रदेश सरकार<br>प्रदेश नं.२<br>भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय<br>कृषि विकास निर्देशनालय<br>कृषि ज्ञान केन्द्र...........<br><br>**अनुदान प्राप्त**<br><br>आ.ब. :<br>आपुर्तिकर्ता : |